# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 20 No 6 Monthly International Edition of Herald of His Coming June 2019

वर्ष २०, अङ्क ६ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (असार, २०७६)


# अनुग्रहको अनुशासन र दुई प्रकारका विचारहरू

## The Two Appearing and the Discipline of Grace

**By Charles H. Spurgeon**

Vol. 77 No. 9 (921)

अनुग्रहको बारेमा भएका दुई प्रकारका विचारहरूलाई बाइबलले अझ यसरी प्रस्ट बनाउँदछ- “किनकि सबै मानिसहरूका मुक्तिका निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ। जसले हामीलाई मुक्तिहीनता र सांसारिक तृष्णाहरू त्याग्न र संसारमा संयमी र सोझो र भक्त भएर जीवनयापन गर्न तालिम दिन्छ। र हाम्रो धन्यको आशा, हाम्रो महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतिक्षा गर्दछौ। ख्रीष्टले हामीलाई सबै अधर्मबाट मोल तिरेर उद्धार गर्नुभयो। सुकर्ममा जोसिलो भएको आफ्नो निम्ति एक विशेष जाति शुद्ध पार्नलाई आफूलाई दिइहाल्नुभयो।” (तितस २ : ११ - १४)

परमेश्वरका जनहरूका बीचमा दुई प्रकारका विचारले सताइरहेका छन्, ‘प्रेरित पावलले हामीलाई यसरी भन्दछन्, “मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ (पद ११) त्यसपछि उनले भने हाम्रो धन्यको आशा- हाम्रा महान् परमेश्वर मुक्तिदाना येशू ख्रीष्टको महिमाको आगमनको हामी प्रतिक्षा गर्दछौँ।” (पद १३) हामी अहिले दुई किसिमका विचार भएको बीचमा रहेका छौं।

ख्रीष्टको जन्मदेखि यता अनुग्रहको समयमा हामी रहेका छौँ र त्यो भन्दा अघिका समयलाई ख्रीष्टियन इराको समय भन्दछौँ, ‘हाम्रो समय ख्रीष्टको जन्मसँगै सुरु भयो जो चाहिँ संसारको ज्योति हुनुहुन्छ। हामीले यतिखेर अनुग्रहको समय भनेर हेर्दछौँ र हाम्रो विश्वास पनि बेथलेहेमको नासरत भन्ने ठाउँ हो। हामीलाई पूर्ण रूपमा भरोशा छ कि उहाँ, शरीरमा जन्मनु भएर हाम्रो बीचमा हिँडडुल गर्नुभएको त्यसैले मानिसले उहाँको महिलालाई देखेको छ। उहाँ पिताको एक मात्र पुत्र हुनुहुन्छ। उहाँ अनुग्रहमा र सत्यतामा बढ्दै जानुभयो। हामी स्वर्ग पुग्नुभन्दा पहिले नै उहाँले त्यो महिमित शरीर लिएर आउनु हुनेछ।

अर्को दोस्रो चाहिँ, हामी अहिले बाँचिरहेको समय अर्को विचार हो भन्दा अनुग्रहभन्दा महिमा पहिला देखा पर्नेछ भन्न अर्को समय हो। जुन चाहिँ ख्रीष्टका चेलाले आशा गरेको थिए। “उनीहरूले भने गालिलका मानिस हो तिमीहरू किन आकाशतिर हेर्दै उभिइरहेका छौ ? यहीँ येशू जो तिमीहरूबाट स्वर्गमा लगिनु भयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।” (प्रेरित १ : ११) हामी हाम्रो प्रभुले आफ्नो वचन पूरा गर्नुहुन्छ भनेर विश्वास गर्दछौँ। तुरहीको आवाजसहित उहाँ स्वर्गबाट ओर्ली आउनुहुनेछ। प्रभु आउनुभन्दा पृथ्वी कम्प हुनेछ, पहाडहरू हल्लने छन्, ताराहरूले आफ्नो ठाउँ छोड्ने छन्, चमक दिन छोड्ने छन्। यो नै अहिलेको समय हो। हामीले ख्रीष्ट आएको समयलाई हेर्छौं, दोस्रो पटक उहाँ आफ्नो गर्जनसहित आउनुहुनेछ, जब उहाँको आगमन हुनेछ। सबै बिहानमा सुतेकाहरू बौरी उठ्नेछन्, शैतानको

शक्तिलाई टुक्रा-टुक्रा बनाउने छन्, साङ्लाहरू भाँचिनेछन् र बन्धनहरू फुकालिने छन्।

त्यसैले अहिले हामी पहिलेको समय पनि होइन र आउने समयमा पनि होइन, अहिले हामी ठीक बीचको समयमा उभिएका छौँ। उहाँ हाम्रो विश्वासको स्रोत हुनुहुन्छ। उहाँ हाम्रो मुक्तिदाता हुनुहुन्छ। पहिला खीष्ट परमेश्वरको पुत्र भएर आउनुभयो, मानिसजस्तै बन्नुभयो र दोस्रो चाहिँ उहाँ आउनुहुँदा पूर्ण शक्ति र महिमामा आउनुहुनेछ। उहाँ आउँदा उहाँका चेलाहरू कसरी खडा हुने र तयारी रहने यो समयमा नै बुझ्नु पर्छ।

**अहिलेको समयलाई हेरेर-** अगाडिका केही कुरालाई हेर्दा यो अहिलेको समयलाई हेर्दा हामी अलौकिक शक्तिको समयमा रहेका छौँ र हामीले भविष्यमा आउने वालाको आसमा रहेका छौँ। हामीले विश्वास साथ उहाँलाई पर्खिरहेका छौँ।

पावलले भन्दछन्, 'अहिलेको संसार' देखेर हामीले विचार गर्नुपर्ने यो अहिले तर कहिले हो थाहा छैन। हामीलाई थाहा छैन, उहाँ चाँडै आउनुहुन्छ तर कहिले थाहा छैन। थाहा नै छ छिट्टै तर कहिले यो थोरै समयमा नै हुनेछ। यो पक्कै पनि यसै संसारमा हुनेछ। यो कहिले कसरी थाहा छैन तर नजिकै छ। विश्वासद्वारा अहिले भएका सबै थोकहरूलाई हेर्दै उहाँको आगमनलाई पर्खिरहनु पर्छ। यो समयलाई पवित्र हुँदै बिताउनु आवश्यक छ। हामी अहिले हाम्रो विरुद्धमा खडा हुनेहरूको देशमा हिँडिरहेका छौँ र आफ्नो स्वदेशको निम्ति तयारी गरिरहेका छौँ। एक देशबाट अर्को देशको निम्ति तयारी अवस्थामा हामी हिँडिरहेका छौँ। हामी हिँडिरहँदा कुनै किसिमको आराम छैन। जसरी पनि हाम्रो गन्तव्य स्थानको निम्ति पविपत्र जीवन जीउँदै उहाँमा रमाउनको निम्ति तयार रहनुपर्छ। यस ठाउँमा हामी विदेशी जस्तै हो। यो देशको हामीसँग स्थायी नागरिकता छैन। कहिल्यै परिवर्तन नहुने नागरिकता प्राप्त गर्न हामी तयार हरनु पर्छ। यसरी हामी थुप्रै समुद्रहरू पार गर्न थुप्रै समुद्री तट पार गर्नु अति नै आवश्यक छ। यी सबैबाट जब हामी पार गर्दछौँ तब हामी खीष्ट येशू जो हाम्रो मुक्तिदाता हुनुहुन्छ उहाँसँगै सदाको निम्ति रहने छौँ।"

**पवित्र हुन बोलाइएका -** हाम्रो पदको बारेमा मैले तपाइँहरूलाई अघि नै भनिसकेको छु। पवित्र जीवनको बारेमा धेरै तर्कहरू छन्। जसरी खीष्ट मानव भएर पनि संसारको हुनुहुन्नथ्यो त्यसरी तपाइँले पनि उहाँको आज्ञा पालन गर्नुभएको छ र त्यही आशामा हुनुहुन्छ भने यस संसारको हुनुहुनछ। तपाइँको व्यवहारले तपाइँ कुन पहिलो प्रकारको या दोस्रो प्रकारको हुनुहुन्छ थाहा पाउन सकिन्छ। परमेश्वरले आफ्ना जनहरूलाई यसरी भन्नुभयो, "चट्टानहरूको टुप्पाबाट म तिनीहरूलाई देख्दछु र डाँडाहरूबाट म तिनीहरूलाई हेर्दछु तर त्यो त एक्लै बस्ने जाति हो, जसले अरु जातिहरूका बीचमा आफैंलाई गन्दैन।" (गन्ती २३ : ९) फेरि पावलले नयाँ करारमा यसरी भन्दछन्, "यसकारण तिनीहरूका बीचबाट निस्केर आऊ र तिनीहरूबाट तिमीहरू अलग होओ परमप्रभु भन्नुहुन्छ। अशुद्ध कुरा केही नछोओ र म तिमीहरूलाई ग्रहण गर्नेछु। म तिमीहरूको पिता हुनेछु र तिमीहरू मेरा छोराछोरीहरू हुनेछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।" (२ कोरिन्थी ६ : १७ - १८) परमेश्वरले मानिसहरू जसले पितालाई ग्रहण गर्दछ उनीहरूलाई आफ्ना छोराछोरी बनाउने प्रतिज्ञा गर्नुभएको छ। जसले खीष्टलाई राम्रोसँग चिनेको छ, त्यसले फेरि पनि सँगै रहने आशा गरेको हुन्छ। जसले त्यो आशा गरेको हुन्छ, त्यसले अन्धकारलाई इन्कार गरेर ज्योतिको सन्तान भएर जीउने कोशिस गर्दछ। सबै अन्धकारलाई त्यागेर ज्योतिका सन्तान हुन्छन्। ती व्यक्तिहरू बिहानीको सुर्यको किरण सँगसँगै नयाँ हुनेछन्। परमेश्वरको अनुग्रहले तपाइँलाई अभिषेक गरेको हुन्छ। त्यो व्यक्तिमा परमेश्वरको ज्योति झन् झन् चम्कँदैन जान्छ। तिनीहरू प्रशस्त गरेर परिपक्व हुँदै जान्छन् र जस्तोसुकै अवस्था पनि स्थिर र बलियो भएर रहन्छन्। त्यो सूर्यको चमक कहिल्यै हराउने छैन। यो आफैँ रहिरहन सक्दैन। सधैँ परमेश्वरबाट ज्योति प्राप्त गरिरहनु पर्छ अनि मात्र त्यो ज्योति चम्किरहन सक्छ। रोमीको पुस्तकमा यसरी पावलले भन्दछन्, "रात बितिसक्यो, र दिन नजिकै आइपुगेको छ। यसकारण अन्धकारमा काम छोडेर हामी ज्योतिका हातहतियार धारण गरौँ।" (रोमी १३ : १२) हामी, ज्योतिको टोपी, ज्योतिको छातीपाता ज्योतिको जुत्ता र सम्पूर्ण हाम्रा थोकहरू ज्योतिको हतियार धारण गर्नुपर्छ। ज्योतिको सन्तान भएर हाम्रो शरीरका सम्पूर्ण अंगबाट ज्योतिको परिवर्तन भएर फर्कनु पर्छ र अरु मानिले त्यो देख्न सकुन्। खीष्टको अनुग्रहको

बारेमा सोचविचार राख्ने विश्वासीहरू हो ! परमेश्वरको महिमा तपाईंको अगाडि नै छ, परमेश्वरको ज्योति तपाइँमा दुई प्रकारले प्रकट भएको छ, परमेश्वरको उपस्थिति व्यक्तिगत र समूहमा आफ्नो महिमासहित प्रकट भएको छ । "यसरी नै तिमीहरूको ज्योति मानिसहरूको सामुन्ने चम्कोस् र तिनीहरूले तिमीहरूका सुकर्म देखुन् र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरुन् ।" (मत्ती ५ : १६) पवित्र जातिहरूको मुख्य चिन्ह पवित्रता नै हो जो अरुले पनि देख्न सकुन् र पछ्याउन सकुन् ।

**अनुग्रहले पवित्रतामा ल्याउँदछ-** म तपाइँलाई परमेश्वरको अनुग्रहले पाएको आशिष जो सबै मानिसको लागि समान रूपले दिइएको छ, त्यसको बारेमा आफ्नो ध्यान आकर्षण गराउन चाहन्छु । "परमेश्वरको अनुग्रह सबै मानिसको लागि दिइएको छ, जसले सांसारिक कुरालाई त्याग्न र धार्मिक कुराको खोजी गर्नको निम्ति शिक्षा सिकाउन सहायता गर्दछ । परमेश्वरको अनुग्रह स्कुलका शिक्षकहरूजस्तै आएको छ । जसले हामीलाई सिकाउँछ, तालिम दिन्छ, तयारी गर्छ, ताकि हामी अझ उहाँको राज्यमा विकसित हुँदै जाऔं वा बढ्दै जाओ । खीष्टियनहरू अरुभन्दा आफ्नो दैनिक जीवनमा फरक देखिन्छन् त्यो सबै उहाँको अनुग्रहको कारण हो जो पिता पवित्र हुनुहुन्छ, उहाँ हामीसँग पनि हुनुहुन्छ । त्यसैले हामी पवित्र बन्न सकेका छौं । जुनचाहिँ हाम्रा स्वर्गीय आशा हो ।

अनुग्रहताको तयारी भनेको स्वर्गको लागि पवित्रतामा तयारी हुनु हो । कानुनले गर्न नसक्ने तर अनुग्रहले गर्न सक्दछ । यो परमेश्वरको अनुग्रहले अन्धकारका कार्य के हुन् भनेर देखाइदिन सक्छ र हामीलाई यो नगर्न पनि होशियारसाथ आज्ञा दिदँछ । त्यसैले हामीले सित्तैमा पाएको अनुग्रहले गर्दा हामी पवित्र रहनुपर्छ र स्वर्गीय तालिमसहित पिताको महिमा गर्नुपर्छ । उहाँको राज्य बाधा आउने सम्पूर्ण विरोधीलाई खीष्टको अनुग्रहले जितेर पवित्रतामा नयाँ नयाँ हुँदै अगाडि बढ्नुपर्छ । हामीले पाएका अनन्तको आशा अरुलाई पनि प्रशस्त गरिदिन सक्नु पर्छ । पावलले रोमीको पुस्तकमा यसरी भन्दछन्, "पाप र मृत्युको व्यवस्थाबाट मलाई जीवनका आत्माको व्यवस्थाले खीष्ट येशूमा मुक्त पारेको छ ।" (रोमी ८ : २)

अनुग्रहलाई तपाइँको जीवनमा काम गर्न दिनुहोस् जसले तपाइँको चरित्रलाई परिवर्तन गराइदिनु हुनेछ । त्यसैले हेर्नुहोस् र विचार गर्नुहोस् कि अनुग्रहले के गर्न सक्नुहुँदो रहेछ । परमेश्वरको अनुग्रहले पवित्रता ल्याउँदछ ।

**जिउँदो रहन देखेका चिजलाई नकार्नुपर्छ-** पहिला इन्कार गर्नु भनेको के हो ? मसँग भएका के कुरालाई मैले इन्कार गर्ने हो त ? सबैभन्दा पहिले ईश्वरीय थोकभन्दा बाहिरका कुरालाई छोड्नु । अर्को संसारको थोकलाई छोड्न सक्नु । यो नै अहिलेको संसारमा देख्न पाइँदैन । अहिलेको संसार सम्पूर्ण अन्धकारको शक्तिले ढाकेको छ । पावलले भन्दछन् कि आँखाको सेखी जीवनको घमण्ड धनसम्पत्तिको धाक यी सबै सांसारिक थषेकहरू हुन् यी सबै थोकलाई इन्कार गर्नुपर्छ । सम्पूर्ण थोक जसले परमेश्वरको राज्यमा जानलाई बाधा ल्याउँदछन् । ती सबैलाई आफ्नो भित्री हृदयदेखि नै त्याग्न सक्नुपर्छ । पावलले भनेजस्तै यदि म घमण्ड गर्नुपर्छ भने खीष्ट येशूमा मात्र गर्न सकुँ । हामी संसारका होइनौं, त्यसैले यी हामीले देखेका सबै हाम्रा होइनन् । हाम्रो एउटा विश्वासयोग्य जीवन भनेको खीष्टसँगको जीवन मात्र हो । हाम्रो गन्तव्यस्थान भनेको स्वर्ग हुनुपर्छ । यदि हामीले यी संसारका थोकलाई इन्कार गर्न चाहाऱ्यौं भने परमेश्वरको अनुग्रहले सहायता पुऱ्याउँदछ । यी विभिन्न सिद्धान्तले केही पनि गर्न सक्दैनन् तर जो खीष्ट येशूमा भर परेको हुन्छ र उहाँको अनुग्रहलाई हेरेको हुन्छ, त्यसले साँच्चै नै संसारलाई जितेको हुन्छ ।

परमेश्वरको ज्योतिको सन्तान हुँदै हरेक संसारका थोकदेखि टाढा रहेर आफ्नो जीवनबाट उहाँको ज्योति अरुलाई फैलाउँदै उदाहरण जीवन देखाएर अनुग्रहमा रहेर जीउनु पर्छ । यी सबै गर्नको लागि पवित्र आत्माले आफ्नो शक्तिद्वारा सहायता गर्नुहुन्छ । त्यसैले हामीले हामीलाई संसारमा नगामऔं यो संसारले चल्ने ढाँचाभन्दा भिन्दै प्रकारले हाम्रो जीवनलाई चलाआमैं । परमेश्वर तपाइँसँग हुनुहुन्छ, उहाँको अनुग्रह पृथ्वीमा भएका सम्पूर्ण मानव जातिमाथि प्रशस्त छ । यो समयमा तपाइँ अन्धकारमा ज्योतिका सन्तान भएर चम्कनु परेको छ । कोशिस गरौं, तपाइँलाई परमेश्वरले साथ दिनु हुनेछ ।

हाम्रा सम्पूर्ण विश्वासीको बलियो आधार भनेकै परमेश्वरको अनुग्रह हो । जो चाहिँ सित्तैमा वर्सिरहेको छ । जसले

## मुक्तिका पाइला

*'पश्चाताप गर्नुस् कि तपाईं पापी हुनुहुन्छ, पापले मृत्यु ल्याउँछ किनकि सबैले पाप गरेका छन् र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्' (रोमी ३ : २३) 'किनकि पापको ज्याला मृत्यु हो तर परमेश्वरको सित्तैमा वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।' (रोमी ६ : २३) दुःखले तपाईंलाई पापबाट परमेश्वरसँग पश्चाताप गर्ने बनाउँदछ । '*

*दुष्टले आफ्नो बाटो र अधर्मीले आफ्नो विचार त्यागोस् र परमप्रभुतिर फर्कोस् र उहाँले त्यसमाथि कृपा गर्नुहुनेछ । हाम्रा परमेश्वरतर्फ त्यो फर्कोस् र उहाँले यसलाई सित्तैमा क्षमा गर्नुहुनेछ ।' (यशैया ४४ : ७) विश्वास गर्नु 'किनभने मैले जे पाएँ त्यसलाई सबैभन्दा मुख्य विषयको रूपमा तिमीहरूलाई सुम्पिदिएँ, अर्थात् पवित्र धर्मशास्त्रअनुसार ख्रीष्ट हाम्रा पाको निम्ति मर्नुभयो । उहाँ गाडिनुभयो र पवित्र धर्मशास्त्रअनुसार तेस्रो दिनमा उहाँ पुनर्जीवित पारिनुभयो ।' (१ कोरिन्थी १५ : ३४) येशूलाई मुक्तिदाता भनेर विश्वास गर्नुहोस्, उहाँमा पश्चाताप गर्नुहोस् ।*

*'किनकि यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुले स्वीकार गर्‍यौ, र परमेश्वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।' (रोमी १० : ९) तब पत्रुसले तिनीहरूलाई भने, 'पश्चाताप गर र तिमीहरूका पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ किनकि प्रतिज्ञा तिमीहरूका निम्ति तिमीहरूका सन्तानहरूका निम्ति र टाढाटाढा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रो परमेश्वरले बोलाउनु हुन्छ ।*

*... तब जस-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले बप्तिस्मा लिए ... । ' (प्रेरित २ : ३८ - ४१)* HHC, Vol 67 No. 9 (801)

ख्रीष्टलाई आशा गरेको छ, तिनीहरूलाई उहाँले निराशा बनाउनु हुने छैन । हामी मरेका र सिद्धिएकालाई उहाँले आफ्नो रगतद्वारा बचाउनुभन्दा र हामीलाई उद्धार दिनुभएको छ, त्यसमा हाम्रो सधैं विश्वासयोग्य भएर उहाँको राज्यको निम्ति लागिरहौं । त्यसपछि ख्रीष्टले यसो भन्नु हुनेछ, "मालिकले त्यसलाई भने, स्याबास असल र विश्वासी नोक्कर ! तँ थोरै कुरामा विश्वासी भइस् अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तँ आफ्ना मालिकको खुसीमा सहभागी हो ।" ( मत्ती २५ : २१) आशामा कुनै शंका छैन तर अनुग्रहद्वारा हाम्रो प्रभुले हामीलाई मुकुट दिनुहुनेछ । यो कानुन अनुसार होइन न त हाम्रो काम अनुसार यो त केवल हाम्रो विश्वास अनुसार व्यक्तिले प्रयोग गर्नुहुनेछ । येशूजस्तै उहाँले दुःख भोग्नुभयो तर पिताले उहाँलाई महिमित शरीरमा उठाई लैजानुभयो र अहिले पिताको दाहिनेपट्टि रहनुभएको छ । पिताको राज्यको निम्ति चम्किरहनुभएको छ । मत्तीले यसरी भन्दछन्, "तब धर्मीजनहरू आफ्ना पिताको राज्यमा सूर्यजस्ता चम्किला हुनेछन्, जसले कान छ, त्यसले सुनोस् ।" (मत्ती १३ : ४३)

हाम्रो धार्मिक उद्देश्य भनेको स्वर्ग हात पार्नु हो । जुनचाहिँ हाम्रो विश्वासले मात्र जित्न सकिन्छ । हामी हाम्रो परमेश्वर जो दोस्रो पटक लिन आउनु हुनेछ, उहाँको खोजी गरौं । आउनुहुने प्रभुमा नै सम्पूर्ण विश्वासीको आशा छ । जुन आशा प्राप्त गर्न अन्धकारको शक्तिसँग ठूलो सामना गर्नु पर्ने छ । उहाँको नजरमा हामी दोषरहित हुनुपर्छ, जुन दिन ख्रीष्ट आउनु हुनेछ । त्यो दिनको निम्ति हामी योग्य बन्नुपर्छ अनि मात्र उहाँले हामीलाई आफूसँग उठाई लैजानु हुनेछ ।

यी माथिका सम्पूर्ण भनाइबाट हामीले यही थाहा पाउनु पर्छ कि परमेश्वरको अनुग्रहको अनुशासनद्वारा हाम्रो गन्तव्यस्थान ख्रीष्टलाई प्राप्त गर्नु उहाँको आशिष लिनु उहाँबाट ज्योति प्राप्त गर्नु अनि अरुलाई त्यही ज्योतिले प्रकाश दिनु जो मानिस अझ पनि अन्धकारमा रुमलिएर छटपटाइरहेका छन् । परमेश्वरको अनुग्रह प्राप्त गर्ने स्रोत येशू ख्रीष्ट नै हुनुहुन्छ । यो हामीले यूहन्ना १ को १४ बाट प्राप्त गर्न सक्छ, "अनि वचन देहाधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा पास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौ जुन महिमा पिताबाट आउनुभएको एक मात्र पुत्रको जस्तो थियो ।"

त्यसैले अन्तमा ख्रीष्टलाई हेरौं उहाँको निम्ति तयारी रहौं, बाँकी सबै कार्य उहाँले गर्नुहुनेछ ।

# ख्रीष्टले नजिक हुनलाई बोलाउनुहुन्छ

## Christ Invites Us to Draw Near

**By Rich Carmicheal**

Vol. 77 No. 12 (924)

परमेश्वरले हामीलाई अगुवाइ गर्नका निम्ति ख्रीष्ट येशू पठाउनु भयो। लाउडिसियाको मण्डलीलाई भन्नुभएको जस्तै उहाँको जन्म बेथलेहममा भयो, उहाँले सबै थाकेका, बोझले दबिएकाहरूलाई आफूमा बोलाउन वा विश्राम दिन चाहनुहुन्छ। ख्रीष्ट कसरी हाम्रो जीवन हुन सक्छ भन्ने समाचार थियो, ख्रीष्टको बारेमा हामीले असल प्रकारले जान्नु अति नै आवश्यक छ, कसरी उहाँ हाम्रो जीवन हुनुभयो ? कसरी उहाँ हाम्रो आराधना हुनुभयो ? कसरी उहाँ उद्धारक हुनुभयो ? यी सबै हाम्रो लागि मात्र नभएर सम्पूर्ण उहाँका सृष्टिहरूको निम्ति हो। उहाँले सम्पूर्ण मानव जातिलाई उहाँकहाँ बोलाउनुहुन्छ र सबै हाम्रा आवश्यकतालाई पूरा गर्न चाहनुहुन्छ। हाम्रो जीवनलाई आत्मिक शक्तिले भर्न चाहनुहुन्छ। ख्रीष्ट भन्नुहुन्छ, “हेर म ढोकामा उभिएर ढकढकाउने छु।” यसको अर्थ उहाँसँग संगति गर्न उहाँ चाहनुहुन्छ। यदि हामी उहाँसँग रह्यौ भने अब लाउडिकियाको मण्डलीलाई भनेजस्तो न तातो, न चिसो हुनेछैनौं पूर्ण रूपमा उहाँसँग र उहाँले भनेको जस्तो हुनेछौ। उहाँसँग सधैं अलौकिक शक्तिमा संगति गरिरहेका हुनेछौ। त्यस्तै थुप्रै अरु उदाहरणहरू हामीले बाइबलमा पाउन सक्छौं। ख्रीष्ट हाम्रो खाँचो पूरा गर्ने हुनुहुन्छ। उहाँ हाम्रो उत्साह हुनुहुन्छ। ख्रीष्ट प्रभु हामीलाई भेट्न अति नै आतुर हुनुहुन्छ र हाम्रो सबै आवश्यकताहरू सुल्झाउन चाहनुहुन्छ। उहाँले हामीलाई नजिकभन्दा नजिक बोलाउन चाहनुहुन्छ र उहाँसँग संगति गर्न चाहनहुन्छ। उहाँले हामीले उहाँलाई राम्रोसँग चिनेको चाहनुहुन्छ, साथै विश्वास गरेको, भरोशा परेको र पूर्ण रूपमा उहाँमा भरिएर पोखिएको चाहनुहुन्छ। उहाँले दिमागमा थुप्रै ज्ञान प्राप्त गरोस् भन्ने उहाँको उद्देश्य होइन तर सबै मानिसले उहाँलाई भित्री हृदयदेखि उहाँको ज्ञानमा बढ्दै, हुर्कंदै र वृद्धि हुँदै जाउन् भन्ने हो।

हामी कति आशिषित व्यक्ति छौं कि उहाँले हाम्रो सबै दुःखसहित बोलाउनु भएको छ र हाम्रो हृदयमा काम गरिरहनु भएको छ। हाम्रो प्रार्थना यो हो कि सम्पूर्ण उहाँले बोलाउनु भएका जातिहरू ख्रीष्टलाई विश्वास भित्री हृदयदेखि गर्नुहोस् र उहाँसँग असल संगति गर्नुहोस् भन्ने हो। जसले गर्दा बढीभन्दा बढी महिमा उहाँलाई मिल्न सकोस्।

**ख्रीष्टसँग संगति गर्दा आउने आशिष-** हो ! उहाँसँग संगति गर्दा हुने आशिष अनगिन्ती छन्। जब हामी उहाँमा रहन्छौं र उहाँ हामीमा रहनुहुन्छ कति धेरै अचम्मको काम हाम्रो जीवनमा भएको हुन्छ, हामी आफैंले मूल्यांकन गर्न सक्दैनौं। उहाँ मात्र हाम्रो आधार हुनुहुन्छ। यी सबै हामीले कुरा गरेको परमेश्वरका पुत्रको बारेमा हो। जो हाम्रो बीचमा हिँडडुल गर्नुहुन्छ र परमेश्वरको पूर्णता ख्रीष्टमा रहेको छ। (कलस्सी १ : १९)। ख्रीष्ट येशूमा नै सबैथोक सृष्टि गरिएका हुन्। उहाँ नै सबैभन्दा अगाडि हुनुहुन्छ ( कलस्सी १ : १६ - १७, हिब्रू १ : ३) उहाँमा पूर्ण रूपमा जीवन थियो त्यो जीवन नै ज्योति हो, त्यो ज्योति अन्धकारमा चम्कन्छ र अन्धकार त्यसमाथि विजय भएको छैन। (यूहन्ना १ : ४ - ५) उहाँमा पूर्ण रूपमा अनुग्रह थियो (यूहन्ना १ : १४) पूर्ण रूपमा प्रेम र दया थियो (एफिसी ३ : १९, मत्ती ९ : ३६) उहाँ आफैं नै “बाटो सत्य र जीवन म नै हुँ...” (यूहन्ना १४ : ६) उहाँ नै सुरु र अन्त्य हुनुहुन्छ “म उल्फा र ओमेगा, पहिलो र पछिल्लो आदि र अन्त्य हुँ।” (प्रकाश २२ : १३) उहाँ हाम्रो असल गोठालो हुनुहुनछ (यूहन्ना १० : ११) हाम्रो मुक्तिदाता (यूहन्ना ४ : ४२), उहाँ हाम्रो सुरु गर्नुहुने र पूरा गर्नुहुने हुनुहुन्छ (हिब्रू १२ : २) यस्तै थुप्रै व्याख्याहरू प्रशस्त पाउन सकिन्छ।

यी सबै येशू ख्रीष्ट हाम्रो प्रभु भएको कारण र उहाँलले के गर्न सक्नुहुन्छ यो हामीले पूर्ण रूपमा संगतिमा आशा गर्न र पाउन सक्छौं र त्यसले हाम्रो जीवनलाई परिवर्तन गरेको हुन्छ त्यस्तै बाइबलबाट हामीलाई आवश्यक पर्ने थुर्पै पदहरूले प्रस्ट बनाएको छ।

**... के तपाइँ आनन्द चाहनुहुन्छ ?-** “मैले यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरा आनन्द तिमीहरूमा होस् र

तिमीहरूको आनन्द भरिपूर्ण होस् ।" (यूहन्ना १५ : ११)

**... के तपाइँ शान्ति चाहनुहुन्छ ? -** "शान्ति म तिमीहरूसँग छोडिराख्छु, म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिन, तिमीहरूको हृदय व्याकुल नहोस् र भयभित नहोस्" (यूहन्ना १४ : २७) "तिमीहरूको सहनशीलता सबै मानिसहरूलाई थाहा होस्, प्रभु नजिकै हुनुहुन्छ, कुनै कुरामा चिन्तित नहोओ, तर हरेक कुरामा प्रार्थना र निवेदनद्वारा धन्यवादसहित तिनीहरूका बिन्ती परमेश्वरमा जाहेर होओस् । र, समझले नै भ्याउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ ।" (फिलिप्पी ४ : ५ - ७) "तिमीहरूका सारा फिक्री उहाँलाई सुम्पिदेओ, किनकि उहाँले तिमीहरूको वास्ता गर्नुहुन्छ ।" (१ पत्रुस ५ : ७)

**... के तपाइँ शक्ति चाहनुहुन्छ ?-** "जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु ।" (फिलिप्पी ४ : ६)

**... के तपाइँ आत्मिकी छुटकारा चाहनुहुन्छ ?-** "परमप्रभुको आत्मा ममाथि छ किनभने गरिबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । कैदीहरूलाई छुटकाराको घोषणा गर्न र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउन निम्ति ।" (लुका ४ : १८)

**... के तपाइँ चंगाइ चाहनुहुन्छ ?-** "यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो, उहाँ आफैँले हाम्रा दुर्बलताहरू लिनुभयो र हाम्रा रोगहरू उठाई लानुभयो ।"(मत्ती ८ : १७) "सारा भिडले उहाँलाई छुन खोज्दै थियो, किनकि शक्ति उहाँबाट निस्किरहेको थियो र तिनीहरू सबैलाई निको पार्दथ्यो ।" (लुका ६ : १९) "तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेडियो, हाम्रा अधर्मका निम्ति उपेलियो, हामीमा शान्ति ल्याउन दण्ड ऊमाथि पर्‍यो र उसको कोर्राहरूको चोटले हामी निको भयौं । (यशैया ५३ : ५)

**... के तपाइँ केही लिन चाहनुहुन्छ ?-**"मेरो परमेश्वरको आफ्नो महिमामा उहाँको सम्पत्ति अनुसार तिनीहरूको हरेक खाँचो खीष्ट येशूमा पूरा गरिदिनुहुनेछ ।" (फिलिप्पी ४ : १९)

**... के तपाईं प्रशस्तताको जीवन चाहनुहुन्छ ? -**"चोर त चोर्न, मार्न र नास पार्न मात्र आउँछ । म त तिनीहरूले जीवन पाउन र त्यो प्रशस्त मात्रामा पाउन भन्ने हेतुले आए ।" (यूहन्ना १० : १०)

**... के तपाइँ सबैभन्दा माथि हुन चाहनुहुन्छ ?-** "किनकि उहाँ आफैंले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ ।" (हिब्रू २ : १८)

**... के तपाइँ आत्मिकी विजय चाहनुहुन्छ ?-** "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस् । संसारमा तिमीहरूलाई संकट हुनेछ, तर साहस गर मैले संसारलाई जितेको छु ।" (यूहन्ना १६ : ३३), "तिनीहरू थुमाको रगत र आफ्नो गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्म पनि आफ्नो ज्यानको माया राखेनन् ।" (प्रकाश १२ : ११)

**... के तपाइँ अनुग्रह र कृपा चाहनुहुन्छ ?-** "किनकि हाम्रा प्रधान पुजारी हाम्रो दुर्बलामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्छ । तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभये र पनि पापरहित हुनुहुन्थ्यो । यसकारण उहाँसँग अनुग्रहको सिंहासन नजिक जाऔं र खाँचो समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं ।" (हिब्रू ४ : १५ - १६)

**... के तपाइँ साहस र उत्साह चाहनुहुन्छ ?-** "अब हामीलाई प्रेम गर्नुहुने र अनुग्रहद्वारा अनन्तको सान्त्वना र उत्तम आशा दिनुहुने हाम्रा प्रभु येशू खीष्ट आफैंले तथा परमेश्वर हाम्रा पिताले तिमीहरूका हृदयलाई सान्त्वना देउन् र हरेक असल काम र वचनमा तिमीहरूलाई स्थिर गराउन् ।" (२ थेसलोनिकी २ : १६ - १७)

**... के तपाइँ क्षमा चाहनुहुन्छ ?-** "यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।" (१ यूहन्ना १ : ९)

**... के तपाइँ सेवकाइमा शक्ति चाहनुहुन्छ ?-** "मेरो अन्तस्करणमा उहाँले नै जोडसँग प्रेरणा दिनुभएको शक्तिअनुसार म यसैको निम्ति कठोर परिश्रम गर्दछु । (१ कलस्सी १ : २९)

**... के तपाइँ पुननिर्माण हुन चाहनहुन्छ ?-** "उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ । उहाँले आफ्नो नाउको खातिर मलाई धार्मिकताको मार्गका डोर्‍याउनुहुन्छ ।" (भजनसंग्रह २३ : ३)

**... के तपाईंको थकाई मेटाउन चाहनुहुन्छ ?-** "हे सबै थाकेका र बोझले दादिएका हो मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु । मेरो जुवा आफूमाथि लेओ, र

म सांसारिक किनभने म विनम्र र कोमल हृदयको छु । अनि तिमीहरूले आफ्नो आत्मामा विश्राम पाउनेछौं । किनकि मेरो जुवा सजिलो छ र मेरो भारी हलुका छ ।" (मत्ती ११ : २८ - ३०)

**... के तपाईं जीउँदो पानी चाहनुहुन्छ ?-** "... यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस् । जसले ममाथि विश्वा गर्दछ, धर्मशास्त्रले भने अनुसार त्यसको अन्तस्करणबाट जीउँदो पानीको खोलाहरू बगिनिस्कने छन् ।" (यूहन्ना ७ : ३७ - ३८)

**... के तपाईं आत्मिक भोक नभोकाउन चाहनुहुन्छ ?-** "येशूले तिनीहरूलाई भन्नुभयो, जीवनको रोटी म नै हुँ मकहाँ अमाउने भोकाउने छैन, र ममाथि विश्वास गर्ने कहिल्यै तिर्खाउने छैन ।" (यूहन्ना ६ : ३५)

**... के तपाईं मध्यस्थता प्रार्थना गरेको चाहनुहुन्छ ?-** "फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित हुनुहुन्छ ।" (हिब्रू ७ : २५) "दण्डको आज्ञा दिने को हो ? भने त खीष्ट येशू हुनुहुन्छ, जो मरेकाहरूबाट जीवित पारिनुभयो र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रो निम्ति मध्यस्थता पनि हुनुहुन्छ ।" (रोमी ८ : ३४)

**... के तपाईंलाई गोठालोको आवश्यक छ ?-** "मेरो भेडाहरू मेरा स्वर सुन्छन् र तिनीहरूलाई म चिन्छु र तिनीहरू मेरो पछि आउँछन् ।" (यूहन्ना १० : २७)

**... के तपाईं इच्छा अनुसारको प्रार्थना चाहनुहुन्छ ?** "तिमीहरू ममा रह्यौ भने र मेरा कुरा तिमीहरूमा रहे भने तिमीहरूलाई जे इच्छा लाग्छ माग र त्यो तिमीहरूका निम्ति गरिनेछ ।" (यूहन्ना १५ : ७)

तपाइँले आफ्नो हृदय र सोचाइहरू खीष्टमा केन्द्रित गर्नुभयो भने उहाँले तपाइँलाई आफ्नो नजिक बोलाउनुहुन्छ । तपाइँका सबै थोकहरू आशिषमा परिणत गरिदिनुहुन्छ । जब उहाँले तपाइँको जीवनलाई आशिषले भरिपूर्ण पारिदिनुहुन्छ फेरि तपाइँको पनि अरुको जीवनमा आशिष दिन सक्नुहुन्छ । र, तिनीहरूले तपाइँमा खीष्ट देख्न सक्नेछन् । तपाईंले तपाइँको जीवनमा जति पनि असल काम गर्नुहुने छ त्यो सबै परमेश्वरको प्रशंसा महिमाको निम्ति हुनेछ । त्यसले परमेश्वरको राज्य विस्तारमा पूर्ण रूपमा टेवा पुग्ने छ

**हाम्रो मण्डलीका सक्रिय सदस्य प्रिय भाइ खेमराज श्रेष्ठ र बहिनी सरिता तामाङको वैवाहिक जीवन आशिषमय होस् भनी परमेश्वरसँग प्रार्थनासहित शुभकामना !**

**पा. माधव पौडेल**
**तथा**
**प्रेरणा मण्डली परिवार**

## प्रार्थना गरौं

- राष्ट्रिय खीष्टियन महासंघ सबै खीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका खीष्टियनहरुका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरु रोकिन सकेका हुन् ।
- प्रवासी नेपालीहरुको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)


## विशेष धन्यवाद

**पा. माधव पौडेल, एल्डर रामचन्द्र पौडेल, रुबी पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।**

## स्थानीय वितरक

**नवीन/सरला ढुङ्गाना तथा हेराल्ड इन्टरनेसनल अफिस दक्षिण कोरिया, जनक कँडेल तथा आशिष / एस्टर कुमाल, टोकियो, जापान, विदुर परियार, दार्जीलिङ, भारत, सागर श्रेष्ठ, दुबई, सुमन शाक्य, बिरु गुरुङ तथा केदार तामाङ, मलेसिया, पावल राई, कतार, सी.पी. लोप्चन, काठमाडौं, हेराल्ड अफिस, नयाँ बजार, काठमाडौं ।**

# BOOKPOST

## पत्र पाउनेको ठेगाना (TO)

**नाम** (Name) :

**ठेगाना** (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal
E-mail: nepalherald@yahoo.com
Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)
Counselor: Rich Carmicheal
Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682
Co- Editor: Shanti Poudel
Editor: Nava Raj Panta
website: www.nepalherald.blogspot.com